परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक
4th Anniversary
वर्ष : ४ अंक : ४५ पृष्ठ ४ २०८२ मंसिर २० गते, शनिबार 6 December, 2025 मूल्य रु. ५/– हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## जनकपुर-ढल्केबर सडकखण्डका तीन ठाउँमा आकासे पुल निर्माण हुँदै

● टक नेपाल

मधेस प्रदेश राजधानी जनकपुरधाम प्रवेश गने मुख्य सडकमार्ग जनकपुर-ढल्केबर छ लेन सडकखण्डका तीन स्थानमा आकासे पुल निर्माण हुँदैछन् । पैदलयात्रुको अत्यधिक चाप, सवारी आवागमन, ट्राफिक व्यवस्थापनमा समस्या र दुर्घटनाका घटना नियन्त्रण गर्न परियोजना अघि बढाइएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार तीनवटै पुल सडकखण्डका अत्यन्त व्यस्त र जोखिमयुक्त ठाँउ छनोट गरेर करिब रु १० करोड ५० लाखको लागतमा निर्माण भइरहेका छन् । कार्यालयका ई उज्जवल झाले लक्ष्मीनियाँ गाउँपालिको मुख्य बजार क्षेत्र लक्ष्मीनियाँ बजार, क्षीरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगर बजारको महिला विकास चोक र सखुवा चोकमा पुल निर्माण भइरहेका बताए । उनले भने, 'एक महिनादेखि तीनै स्थानमा पिल्लर निर्माणलगायत आवश्यक आधारभूत संरचना बनाइरहेका छौँ । निर्धारित समयसीमाभित्र निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको छ ।' इञ्जिनियर झाका अनुसार तीन वटा पुलमध्ये लक्ष्मीनियाँ बजारमा तीन करोड ४२ लाख रुपैयाँ, महेन्द्रनगर बजारस्थित महिला विकास चोकमा तीन करोड ३५ लाख र सखुवा चोकमा तीन करोड ४५ लाख रुपैयाँमा बनिरहेका छन् । सबै पुल पाँच दशमलव छ मिटर उचाइ, २९ दशमलव चार मिटर लम्बाइ र तीन मिटर चौडाइका हुनेछन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले आकासे पुल निर्माणपछि जनकपुर-ढल्केबर सडकखण्डमा ट्राफिक व्यवस्थापनमा केही सहज हुने बताए । उनका अनुसार यहाँ दैनिक हजारौँ पैदलयात्रु र सवारीसाधन आवतजावत गर्ने भएकाले दुर्घटनाको जोखिम उच्च आएको छ । क्षीरेश्वरनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेश यादवले जनकपुरधाम जाने धार्मिक पर्यटक तथा स्थानीयको धेरै चाप रहने भएकाले पुल निर्माणपछि दुर्घटना न्यूनीकरणमा टेवा पुग्ने बताए । स्थानीय रोहितराज खनालले आकासे पुल निर्माणपछि अत्यधिक व्यस्त रहने जनकपुर-ढल्केवर सडकखण्डमा ट्राफिक व्यवस्थापन र सहरी सौन्दर्यकरणमा मद्दत पुग्ने बताए । सडक डिभिजन कार्यालयले चालु आर्थिक वर्षभित्रै पुल निर्माण गरिसक्ने लक्ष्य लिएको छ ।




## मधेशको मुख्यमन्त्रीमा यादव नियुक्त



● टक नेपाल

मधेश प्रदेशको मुख्यमन्त्रीमा कृष्णप्रसाद यादव नियुक्त भएका छन् । शुक्रबार साँझ प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम उनलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । हाल मधेश प्रदेशमा १०४ जना प्रदेशसभा सदस्य कायम छन् । जसमध्ये ७७ जना प्रदेशसभा सदस्यको समर्थनमा यादवले दाबी पेस गरेका थिए ।

यादव मधेस प्रदेशको छैटौं मुख्यमन्त्रीमा नियुक्त भएका छन् । यादव नेतृत्वको सरकारलाई यादवलाई जसपा, जनमत, लोसपा, माओवादी, नेकपा एस र नागरिक उन्मुक्तिका सांसदले समर्थन गरेका छन् ।

गएको बुधबार मुख्यमन्त्री सरोजकुमार यादवले राजीनामा दिएपछि प्रदेश प्रमुख कर्णले नयाँ सरकार गठनका लागि आह्वान गरेका थिए । सात दलीय गठबन्धनले लामो रसाकस्सीपछि आजै कांग्रेसका यादवलाई मुख्यमन्त्री बनाउने सहमति गरेका थिए । नवनियुक्त मुख्यमन्त्री यादवले सबै दलबाट एक-एकजना मन्त्री पनि आफूसँगै शपथ ग्रहण गने बताए । बाँकी मन्त्रीको टुंगो विश्वासको मत लिएपछि हुने उनले बताए ।

मधेशमा यसअघि लालबाबु राउत, सरोजकुमार यादव (बारा), सतीशकुमार सिंह, जितेन्द्रप्रसाद सोनल, सरोजकुमार यादव (महोत्तरी)ले मुख्यमन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन् ।

## जनकपुरधाममा अन्तर बैंक क्रिकेट प्रतियोगिता शुरु

● टक नेपाल

नेपाल राष्ट्र बैंक कर्मचारी संघको आयोजनामा जनकपुरधाममा मधेश प्रदेशस्तरीय अन्तर बैंक क्रिकेट प्रतियोगिता शुरु भएको छ । जनकपुरधाममा बिहीबारदेखि शुरु भएको मधेश प्रदेशस्तरीय अन्तर बैंक क्रिकेट प्रतियोगिता- २०८२ को उद्धाटन भएको छ । क्रिकेट प्रतियोगिताको पहिलो दिन ४ वटा खेल सम्पन्न भएको छ । पहिलो क्रिकेट प्रतियोगितामा कुमारी बैंक र माछापुच्छ्रे बैंकको बीचमा भएको थियो । जसमा कुमारी बैंकले विजयी भएको छ ।

त्यस्तै दोस्रो खेलमा नेपाल राष्ट्र बैंक र लक्ष्मी सनराइज बैंकबीचमा भएको थियो । जसमा लक्ष्मी सनराइज बैंकले जीत हासिल गरेको छ । त्यस्तै तेस्रो खेल एन.आई.सी. एसिया बैंक र प्रोग्रेसिभ फाइनान्सबीचमा भएको थियो । जसमा एन.आई.सी एसिया बैंकले विजयी भएको छ । त्यस्तै चौथो खेलमा नेपाल एस.बी.आई. बैंक र नबिल बैंकबीचमा भएको थियो । जसमा नेपाल एस. बी. आई. बैंक विजयी भएको छ । उक्त क्रिकेट प्रतियोगिता मंसिर २१ गतेसम्म राराब क्याम्पसको पूर्वतर्फ रहेको मैदानमा खेल भइरहेको छ । नेपाल राष्ट्र बैंक कर्मचारी संघ जनकपुर समितिका अध्यक्ष सियाराम यादवको अध्यक्षतामा भएको क्रिकेट प्रतियोगिताको संयुक्त संयोजन प्रभु बैंक र एन.एम.बी बैंकले गरेको छ ।

उद्धाटन कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रा, नेपाल राष्ट्र बैंक जनकपुर कार्यालयका कार्यालय प्रमुख डिलाराम सुवेदी तथा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख, शाखा प्रबन्धक र अन्य कर्मचारीको उपस्थिति रहेको थियो ।









पत्रिकारिता लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

## कोटेश्वरमा बन्ने फ्लाइओभर र अन्डरपासले बढाएको आशा

सवारीसाधन प्रयोग गरेर बिहान-बेलुका काठमाडौंको कोटेश्वर हुँदै यात्रा गर्नेहरूले लामो जाम भोग्ने गरेका छन्। कोटेश्वर धेरैतिरका सडक सञ्जालहरूको केन्द्र भएकाले लामो जाम हुनु स्वाभाविक पनि हो। भक्तपुरबाट काठमाडौंतर्फ प्रवेश गने, ग्वार्कोतर्फबाट भक्तपुर वा तीनकुनेतर्फ प्रवेश गर्ने र तीनकुनेबाट भक्तपुर वा ग्वार्कोतर्फ प्रवेश गर्ने मुख्य बाटो कोटेश्वर नै हो। भक्तपुर क्षेत्रमा बस्नेहरू पेसा, व्यवसाय वा अध्ययन जस्ता कारणले काठमाडौंसँग जोडिएका र त्यसका लागि आवतजावत गर्नुपर्ने भएकाले पनि सार्वजनिक तथा निजी सवारीसाधनको चाप कोटेश्वर क्षेत्रमा बढ्दो छ। अर्कोतर्फ, बीपी राजमार्ग हुँदै पूर्व जाने र पूर्वबाट काठमाडौं भित्रिने सवारीसाधनको चाप पनि कोटेश्वरमा बढिरहेकै छ।

यस्ता कारणले यात्रुले हैरानी खेप्नुपरेको छ नै, ट्राफिक व्यवस्थापनसमेत चुनौतीपूर्ण भइरहेको छ। त्यसैले यहाँको जामलाई न्यूनीकरण गर्ने विकल्प खोजियोस् भन्ने अपेक्षा पुरानै हो। तीनकुने-जडीबुटीमा फ्लाइओभर र अन्डरपास बन्ने भएपछि भरपर्दो विकल्प प्राप्त हुने भएको छ। निर्माण कार्य पूरा भएपछि यात्रुले ठूलै राहत महसुस गर्नेछन्।

तीनकुने-जडीबुटी खण्डमा फ्लाइओभर र अन्डरपास बनाउन जापान सरकारसँग बुधबार ऋण सम्झौता गरिएको छ। सम्झौताअनुसार जापानले उक्त आयोजनाका लागि ३४ अर्ब ५९ करोड जापानी येन (करिब ३१ अर्ब ७६ करोड रुपैयाँ) बराबरको ऋण सहायता उपलब्ध गराउनेछ। जाइकामार्फत प्राप्त हुने उक्त ऋणको ग्रेस अवधि १० वर्ष, भुक्तानी अवधि ३० वर्ष र वार्षिक ०.२ प्रतिशत ब्याजदर रहने अर्थ मन्त्रालयले जनाएको छ। यस किसिमको संरचना निर्माण गर्नका लागि जाइकाले नै करिब डेढ वर्ष लगाएर पूर्वसम्भाव्यता अध्ययन गरेको थियो। यसअनुसार, तीनकुनेबाट मुनिभैरव मन्दिर नजिकसम्म ६ सय ६५ मिटर लामो फ्लाइओभर निर्माण गरिनेछ। त्यस्तै, मुनिभैरव मन्दिरनजिकैबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमुनि हुँदै जडीबुटी निस्कने गरी ६ सय १० मिटर दूरीको अन्डरपास निर्माण हुनेछ। त्यहाँबाट मनोहरा खोलामा निर्मित नयाँ पुलसम्म जोड्ने गरी करिब २ सय ३८ मिटर लामो फ्लाइओभर निर्माण गरिनेछ। अन्तिम डिजाइनमा दूरी तलमाथि हुन सक्नेछ। ऋण सम्झौताबारेको जानकारी सडक विभागमा आएपछि परामर्शदाता छनोट, विस्तृत सर्भे र डिजाइन जस्ता काम हुँदै कार्यान्वयन प्रक्रिया अघि बढ्नेछ। ऋण सम्झौता हुनेबित्तिकै फ्लाइओभर र अन्डरपास निर्माणको काम सुरु/पूरा भइहाल्छ र यात्रुका सकस कम भइहाल्छ भन्ने होइन। पूर्वतयारीका सबै काम सकेर निर्माणको चरणमा प्रवेश गर्न थप दुई वर्ष लाग्न सक्छ। समग्र आयोजना निर्माण अवधि भने ६ वर्षको हुने भनिएको छ। मुख्यतः मध्यसहरमा सञ्चालन हुने आयोजनाले जनतालाई थप हैरानी सिर्जना गर्ने गरेका छन्। घाम लाग्दा धूलो र पानी पर्दा हिलो हुने गर्छ। निर्माण सामग्रीको अव्यवस्थापन र सडक आवतजावतको वैकल्पिक प्रणाली विकासमा बेवास्ता गरिँदा निर्माण अवधिभर झन् ठूलो जाम भोग्नुपर्ने हुन सक्छ। अर्कोतर्फ, यस्ता आयोजनाको निर्माण पूरा हुने अवधि विविध कारणले लम्बिने गरेका छन्। ग्वार्कोको ओभरपास एउटा उदाहरण हो। २०७८ फागुनबाट दुई वर्षभित्र सक्ने गरी सुरु गरिएको निर्माण कार्य यस वर्ष मात्रै पूरा भएर सञ्चालनमा आएको छ। नागढुंगा-नौबिसे सुरुङमार्ग, सिद्धबाबा सुरुङमार्गदेखि साना-ठूला पुल निर्माण र सडक विस्तारका लागि पटकपटक म्याद थपिने गरेका छन्।

# सडक दुर्घटना न्युनीकरणका लागि युवा जागरण आवश्यक : मन्त्री गुप्ता

टक नेपाल

युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले सडक दुर्घटना न्युनिकरणका लागि युवा जागरण र सचेतना अपरिहार्य भएको बताएका छन्। मन्त्री गुप्ताले सडक दुर्घटनाकै कारण वर्षेनी कैयौंले अकाल मृत्युवरण गर्नुपरेको जनाए।

शुक्रबार अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसको सन्दर्भमा राष्ट्रिय युवा परिषद् र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयद्वारा आयोजित कार्यक्रममा मन्त्री गुप्ताले भने, 'प्रहरी, युवा, यातायात व्यवसायी र यातायात मजदुर सबै मिलेर सडक दुर्घटना न्युनीकरण गर्नुपर्दछ।'

राष्ट्रिय युवा परिषदका उपाध्यक्ष सुरेन्द्र बस्नेतले सडक दुर्घटना न्युनीकरणका लागि आम युवाहरुले जागरण र सचेतना अभियान सञ्चालन गर्नुपर्ने बताए। बस्नेतले सडक दुर्घटना एक भयानक र विकराल समस्या बन्दै गएकाले यसविरुद्ध एकीकृत साझा अभियान जरुरी भएको बताए।

प्रहरी अतिरिक्त महानिरीक्षक ईश्वर कार्कीले जनता र प्रहरी साथी भएर सडक दुर्घटना न्युनिकरण गर्नुपर्ने बताए। कार्कीले प्रहरीको एक्लो प्रयास मात्र पर्याप्त नहुने भएकाले आम युवा यसमा लाग्नुपर्ने बताए।

कार्यक्रममा नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, उपत्यका ट्राफिक प्रहरी प्रमुख एसएसपी नवराज अधिकारीले सडक दुर्घटना न्युनीकरणमा सामुहिक प्रयत्न आवश्यक भएको जिकिर गरे।



अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस(डिसेम्वर ५) को उपलक्ष्यमा आयोजित कार्यक्रममा उपत्यकाका करिव ५ सय चालक तथा सहचालक सहभागी थिए।

कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयद्वारा सडक दुर्घटना सम्वन्धि विभिन्न सचेतनामुलक प्रस्तुतीकरण गरिएको थियो।

अभिमुखीकरण कार्यक्रम पश्चात् उपत्यकाका विभिन्न ठाउँमा स्वयंसेवकको रुपमा परिचालित युवाहरुले गाडी र मोटरसाइकलमा सचेतनामुलक स्टिकर टांस्दै सडक दुर्घटना न्युनीकरणको सन्देश प्रवाह गरेको परिषदका प्रशासकीय प्रमुख गेहनाथ गौतमले जनाए।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिवास, महोत्तरी।
"ट्राफिक नियम पालना गर्ने सम्बन्धी सचेतना अभियान"

१. दुई पाङ्ग्रे सवारी साधन चलाउँदा सधै अनिवार्य रूपमा हेल्मेट लगाई फिता समेत बाँध्ने गरौं।
२. चारपाङ्ग्रे सवारी साधन चलाउँदा अनिवार्य सिटवेल्टको प्रयोग गरौं।
३. आफ्नो सवारी साधनलाई तिव्रगतीमा नचलाऔं। तोकिएको गति सीमाको पालना गरौं।
४. मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।
५. अनिन्द्रा, थकान, तनाव भएको वेला सवारी साधन नचलाऔं।
६. अवस्था ठीक नभएको सवारी साधन नचलाऔं। आफ्नो सवारी साधनलाई समय-समयमा मर्मत संभार गरी दुरुस्त अवस्थामा राखौं।
७. रातको समयमा सवारी साधन चलाउँदा विपरित दिशाबाट आउने सवारी साधनलाई बाधा पुग्ने गरी हेड लाईट प्रयोग नगरी हेडलाईट र डिम लाईटको सही प्रयोग गरौं।
८. बजार एरिया, बिद्यालय एरिया, साघुरो बाटो, भीडभाड आदिमा सवारी साधन (नियन्त्रण गति) तोकिएको गति सिमा भित्र रही सवारी चलाऔं।
९. सार्वजनिक सवारी चालकहरूले नियमित आफ्नो स्वास्थ्य परिक्षण गर्ने गरौं।
१०. सवारी साधनमा तोकिएको सिट क्षमताभन्दा बढी यात्रु नचढाऔं।
११. भारवहन क्षमता भन्दा बढी ओभरलोड/भवरलोड सामाग्रीहरू ढुवानी नगरौं।
१२. जथाभावी पार्किङ नगरौं, सुरक्षित स्थानमा र दाहिने तर्फबाट मात्रै Overtake गर्ने बानी बसालौं।
१३. आफुभन्दा अगाडीको सवारी साधनसँग Braking Distance कायम गरेर मात्र सवारी साधन चलाऔं।
१४. आफु खुशी कुनै पनि सवारी साधनको स्वरूप परिवर्तन नगरौं।
१५. ध्वनी प्रदुषण हुने गरी प्रेसर हर्न लगायत अनावश्यक हर्नको प्रयोग नगरौं।
१६. हतार गरी सवारी साधन कहिल्यै नचलाऔं र हतारमा सडक पार समेत नगरौं।
१७. सडकमा ध्यान केन्द्रित गरेर मात्र सवारी साधन चलाऔं।
१८. सवारी चलाउँदा मोबाईल फोनको प्रयोग नगरौं।
१९. कुहिरो लागेको बेलामा Fog Light को प्रयोग गरौं।
२०. दाँया वा बायाँ मोड्दा समयमै साइडलाइट (ईन्डिकेटर) को प्रयोग गरौं।
२१. बिच सडकमा सवारी रोकी अरू सवारी साधनलाई बाधा नपुरयाऔं।
२२. ठूलो आवाजमा संगीत बजाएर सवारी साधन नचलाऔं।
२३. सवारी साधन चलाउँदा आवश्यक कागजात सधैं साथमा लिएर हिँड्ने गरौं।
२४. दुर्घटनाको पिडा चालक स्वयमलाई हुन्छ याकी ट्राफिक प्रहरीलाई।
२५. ट्राफिक नियम मिचेकोमा गर्व अनुभती होईन लज्जाबोध गरौ।
२६. विस्तारै गए अवश्य पुगिन्छ, छिटो गए भन्न सकिन्न। (Slow Drive long Life)
२७. विना नम्बरको On Test सवारी साधन नचलाऔं।
२८. सवारी साधन सुरक्षित रूपले चलाउनुहोस्, घरमा तपाइलाई परिवारजनले पर्खीराखेका छन्।
२९. सवारी साधन चलाउनु पूर्व आफ्नो सवारी साधन चेकजाँच गरेर मात्र सवारी चलाउनुहोस्।
३०. आफ्नो Safety First भन्ने कुरालाई मुल मन्त्रका रुपमा लिऔं।
३१. आफ्नो र यात्रु महानुभावको सुरक्षामा कदापि सम्झौता नगरौं।
३२. सडक अनुशासनको पालना गरौं।
३३. Safety Driving सम्बन्धी विधीलाई अपनाऔं।
३४. ट्राफिक नियमको पालना आफु पनि गरौ अरुलाई पनि गराई सभ्य नागरिकको परिचय दिऔं।

WorldLink

पाउनुहोस् उत्कृष्ट स्पीड
१२० Mbps
मात्र रु. ३०* प्रति दिन
दमदार PACK
साथमा Dual Band Router पनि
नेपालकै सबैभन्दा विश्वासिलो र भरपर्दो WorldLink को इन्टरनेट सेवा
अब तपाईंको आफ्नै शहरमा
यो अफर WorldLink को सीमित शाखाहरूमा मात्र उपलब्ध छ।
9801523050
worldlink.com.np

विवाहको लागि भाडामा क्यामरा चाहिएमा.....

9814237408
AR Photo
Studio-Bardibas
बर्दिबास नगरपालिका-१, इलाका प्रशासन कार्यालयको छेउमा
हाम्रो सेवाहरु
● फ्लेक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस।

vianet
अब सबै connected

## फागुन २१ को चुनावमा प्रवासी नेपाली मतदाताको सहभागिता लगभग असम्भव



● टक नेपाल

जेनजी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारले विदेशमा बस्ने नागरिकलाई मतदानको अधिकार दिने घोषणा गरेको भए पनि २१ फागुनमा हुने चुनावमै त्यो सम्भव नहुने देखिएको छ । सरकारले विदेशमा रहेका नागरिकलाई मतदानको अधिकार दिने विषयमा शृंखलाबद्ध रूपमा बहस चलाए पनि आवश्यक कानुनी र व्यवस्थाकीय तयारी नहुँदा घोषणा भएको २१ फागुनको चुनावमै यो कार्यान्वयन हुने सम्भावना नरहेको अनलाइनखबरसँगको कुराकानीमा नेपाल सरकारका मन्त्रीहरू तथा निर्वाचन आयोगका अधिकारीहरूले बताएका छन् । अहिले विदेशमा रहेका नागरिकलाई मतदानमा सहभागी गराउनका लागि सरकारले अध्यादेशमार्फत् कानुनी व्यवस्थाको तयारी गरिरहेको छ ।

प्रक्रियागत रूपमा कानुन निर्माणको काम भइरहे पनि व्यावहारिक रुपमा यही चुनावमा त्यो काम गर्न सक्ने अवस्था नरहेको अनलाइनखबरले सम्पर्क गरेका दुई मन्त्रीहरूले बताए । अर्कोतिर, अहिलेसम्म कानुन नै नबनेको अवस्थामा यही निर्वाचनमार्फत विदेशमा बस्ने नागरिकलाई मतदानमा सहभागी गराउन नसक्ने निर्वाचन आयोगले पनि स्पष्ट पारिसकेको आयोग स्रोतले बतायो । 'कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर २१ फागुनमा हुने निर्वाचनमा विदेशमा रहेका नागरिकलाई मतदानमा सहभागी गराउन नसकिने स्पष्ट पार्नुभएको छ,' आयोग स्रोतले भन्यो । आयोग स्रोतका अनुसार देशभित्रैको निर्वाचन गर्न पनि तयारीका लागि मिति घोषणा भएको कम्तीमा १२० दिन निर्वाचन आयोगलाई चाहिन्छ । विदेशमा रहेका नागरिकलाई मतदान गर्न दिने विषयमा त अहिलेसम्म कानुन नै बनेको छैन, कहिले बन्छ भन्ने पनि थाहा छैन । 'हाम्रा लागि यो नितान्त नयाँ प्रयोग पनि हो । यस्तो अवस्थामा २१ फागुनकै चुनावमा यो काम गर्न सकिन्न भनेर राष्ट्रपतिज्यू र प्रधानमन्त्रीज्यूलाई जानकारी गराएका छौं,' आयोग स्रोतले भन्यो ।

सबै नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्ने व्यवस्था नेपालको संविधान २०७२ मा उल्लेख छ । सर्वोच्च अदालतले ७ चैत २०७४ मा आवश्यक कानुनी र प्रक्रियागत व्यवस्था गरी विदेशमा बस्ने नागरिकलाई मतदानको अधिकार दिन सरकारका नाममा आदेश पनि दिएको थियो ।

तर, गएको एक दशकमा संवैधानिक व्यवस्था र सर्वोच्चको फैसला कार्यान्वयनका लागि ठोस पहल हुन सकेन । २३ र २४ भदौको जेनजी आन्दोलनले सत्तापलट गरेपछि विकास भएको नयाँ राजनीतिक परिस्थितिमा सरकारले संविधानको व्यवस्था र सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने घोषणा गरेको थियो । तर, त्यसको तयारीको काम अत्यन्तै सुस्त हुँदा यही चुनावमा मतदानमा सहभागी हुन पाउने विदेशमा बस्ने नागरिकहरूको चाहना पूरा नहुने देखिएको हो । प्रवासी नेपालीलाई भोटको अधिकार दिन दलहरूकै आनाकानी निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई भने यससम्बन्धी कानुन बनेर आएपछि निर्वाचन आयोगले तयारी थाल्ने बताउँछन् । 'कानुन नै निर्माण नभईकन थप तयारी हुने कुरा भएन । कानुन बनेपछि नियमावली बनाउनुपर्छ, त्यसपछि विधि र प्रक्रिया तय हुनुपर्छ ।

# जनकपुरधाममा सातै प्रदेशका लोक सेवा आयोगको पाँचौं सम्मेलन सुरु

● टक नेपाल

सातै प्रदेशका प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलन जनकपुरधाममा सुरु भएको छ। मधेश प्रदेश लोक सेवा आयोगको आयोजना तथा योग्यता, निष्पक्षता, स्वच्छता र समावेशीता नाराका साथ बिहीबारदेखि प्रारम्भ भएको दुई दिने सम्मेलन शुक्रबारसम्म सञ्चालन हुने बताइएको छ। सम्मेलनमा देशका सबै ७ प्रदेशका लोक सेवा आयोगका अध्यक्ष तथा पदाधिकारीहरूको सहभागिता रहेको छ। कार्यक्रमको उद्घाटन लोक सेवा आयोगका केन्द्रीय अध्यक्ष माधव प्रसाद रेग्मी र मधेश प्रदेश लोक सेवा आयोगका अध्यक्ष शिवराम यादवले संयुक्त रूपमा गरेका हुन्। दुई दिनसम्म




चल्ने सम्मेलनमा सातै प्रदेशका अध्यक्षहरूले आफ्ना-आफ्ना प्रदेशमा विद्यमान लोक सेवा सञ्चालनसम्बन्धी कार्ययोजना, चुनौती र सुधारका उपायबारे प्रस्तुतिकरण र छलफल गर्ने छन्। छलफलपछि सम्भावित समाधानका प्रस्तावहरू टिपोट गरी कार्यान्वयनका लागि सम्बन्धित निकायसँग समन्वय गरिने आयोगले जनाएको छ।

सम्मेलनको समापनका दिन शुक्रबार जनकपुर घोषणा पत्र सार्वजनिक गरिने मधेश प्रदेश लोक सेवा आयोगका अध्यक्ष यादवले जानकारी दिए। उनका अनुसार उक्त घोषणा पत्रलाई आगामी दिनमा आयोगहरूको काम, नीतिगत सुधार तथा समन्वयको आधारका रूपमा उपयोग गरिनेछ।




अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



## देशको नेतृत्व गर्छु, मलाई सघाउनुहोस् : कुलमान घिसिङ



टक नेपाल

ऊर्जामन्त्री कुलमान घिसिङले आगामी दिनमा आफूले देशको नेतृत्व गर्ने भन्दै सहयोग गर्न आग्रह गरेका छन् ।

गृहजिल्ला रामेछाप पुगेका उनले त्यहाँ एक कार्यक्रमलाई सम्बोधन गर्दै अब ऊर्जा क्षेत्र मात्र नभइ सम्पूर्ण मुलुक नै राम्रो बनाउनका लागि सहयोग गर्न अनुरोध गरे ।

उज्यालो नेपाल पार्टी गठन गरेका घिसिङ आफैं चाहिँ कार्यसमितिमा छैनन् । तर उनी आफ्ना राजनीतिक गतिविधि चाहिँ गरिरहेका छन् ।

'आगामी दिनमा यो देशको नेतृत्व पनि गर्नुपर्छ भन्ने मलाई लागेको छ। यसको नेतृत्व गर्नलाई तपाईंहरूको ठूलो साथ सहयोग आवश्यक छ,' मन्त्री घिसिङले भने ।

उनले अहिले मुलुक परिवर्तनको संघारमा रहेकोले यसलाई संस्थागत गर्न चुनाव अनिवार्य रहेको र निर्वाचित हुन पनि आवश्यक रहेको उनको धारणा छ ।

'मैले लामो समयसम्म विरुद्ध प्राधिकरण लगायत धेरै ठाउँमा काम गरे र एउटा नेतृत्वदायी भूमिकामा जाने मौका पाएँ । तपाईं आम जनताको साथ सहयोग सद्भाव र विश्वासको कारणले म एउटा कर्मचारीको हैसियतले अहिलेसम्म कहिँ पनि सांसद पनि जितेको छैन म कुनै इलेक्सन पनि लडेको छैन तर म एउटा मन्त्रीको रूपमा आज आएको यहाँ छु,' उनले भने, 'सबै जनताको विश्वास र जनताको चाहना अनुसार म एउटा मन्त्रीको रूपमा त्यो पनि तीन तीन वटा मन्त्रालय सम्हालेर आएको छु र आगामी दिनमा यो देशको नेतृत्व पनि गर्नुपर्छ भन्ने मलाई लागेको छ।'

देशको नेतृत्व गर्न सकेन र सहि ठाउँमा डोहोऱ्याउन सकेन भने एउटा क्षेत्र मात्र राम्रो भएर केही नहुने धारणा राखे ।

'सम्पूर्ण क्षेत्रलाई उज्यालो बनाउनलाई सम्पूर्ण हजारौं लाई हटाएर उज्यालो बनाउनलाई देशको नेतृत्व नै आवश्यक छ भन्ने मलाई लाग्छ यस तर्फ तपाईंहरूको साथ सहयोगको लागि आग्रह गर्छु,' उनले भने ।

## 'कलकतियावाली'
# सिरियल टिम सवार गाडी दुर्घटना

टक नेपाल



मिथिला- मधेशका चर्चित टिम लभ यू मिथिला को 'कलकतियावाली' सिरियल टिम सवार गाडी जनकपुरधाममा दुर्घटनाग्रस्त भएको छ । दुर्घटनामा लोकप्रिय अभिनेता श्याम कुमार राम (अठीवा) टाउकोमा गम्भीर चोट लागेको छ भने अन्य कलाकारहरू सामान्य घाइते भएका छन् । उक्त जानकारी टिमका सञ्चालक अरुण विजयाले दिएका छन् । टिमले मंसिरदेखि शुरु गरेको चर्चित अनलाइन सिरियल 'विकाउ कनिया' को सुटिङका लागि नगराईन जाँदै गर्दा जनकपुरधामको रुपैठा क्षेत्रमा गाडी दुर्घटना भएको हो । तीव्र गतिमा आएको गाडीलाई झाडीमा लुकेर बसेका ट्राफिक प्रहरीले अचानक सडकमा आएर रोक्न खोजेपछि अगाडि रहेको मोटरसाइकल फर्कन खोज्यो । सोही क्रममा पछाडि रहेको कलाकार सवार गाडीले आकस्मिक ब्रेक लगाउनुपर्दा गाडी सडकको डिभाइडर चढेर तीन पटक पल्टिएको सञ्चालक विजयाले बताए ।

गाडीमा सातजना कलाकार सवार रहेका थिए । सबै घाइतेहरूलाई प्रदेशीय अस्पताल जनकपुरमा उपचार पछि डिस्चार्ज गरिएको छ । कलाकार अभिनाश झाले ट्राफिक प्रहरीले गम्भीर लापरवाही गर्दा दुर्घटना भएको आरोप लगाएका छन् । घटनापछि आक्रोशित स्थानीयहरूले प्रहरीमाथि जताभुकि गर्न खोजे पनि अन्य प्रहरी टोलीले आएर सम्बद्ध प्रहरीलाई उद्धार गरेको बताइएको छ ।

यसैबीच जिल्ला प्रहरी कार्यालय धनुषाले टिमका सदस्यलाई आवश्यक प्रक्रिया पूरा गर्न कार्यालयमा उपस्थित हुन भनिएको सञ्चालक विजयाले जानकारी दिए।


## पार्टी नीति विपरीत मन्त्री बनेकी कञ्चन विच्छाको सांसद पद गुम्यो

टक नेपाल

राप्रपा नेपालकी प्रदेश मधेश प्रदेश सांसद कञ्चन विच्छालाई पदमुक्त गरिएको छ । उनलाई पदमुक्त गरेको सूचना आज मधेस प्रदेशसभा सचिवालयले प्रकाशन गरेको छ। संविधानको धारा १६८ को ३ बमोजिमको ठूलो दलको हैसियतमा नेकपा एमालेको सरकार बनेपछि विच्छा पार्टीको नीति विपरीत प्रदेश सरकारमा वन तथा वातावरण मन्त्री बनेकी थिइन् ।

उनलाई राप्रपाले तत्काल सरकारबाट बाहिरिन निर्देशन दिए पनि अटेर गरेपछि उनको प्रदेश सभा सदस्य खारेज गर्न प्रदेश सभालाई १२ मंसिरमा पत्राचार गरेको थियो ।








बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014